नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
नापी विभाग
(योजना तथा जग्गा प्रशासन शाखा)
फोन नं: ४१०६७६९, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं: ४१०६७५७
टोल फ्री नं: १६६००१७५८८८
इमेल ठेगाना: info@dos.gov.np
वेवसाइट: www.dos.gov.np
मिनभवन, काठमाडौं, नेपाल

पत्र संख्याः
पत्र प्राप्त संख्याः
च.नं.

नापी विभाग तथा मातहत कार्यालयका कर्मचारीहरुलाई महानिर्देशकको सन्देश !!!

नापी विभाग मुलुकको राष्ट्रिय नाप नक्सा निकायको साथै जग्गा प्रशासन, भूमि व्यवस्थापन, भूसूचना प्रविधी भूस्थानिक सूचना प्रणालीको विकास, अन्तर्राष्ट्रिय सिमाना सर्भेक्षण र नक्साङ्कनमा महत्वपूर्ण जिम्मेवारी बोकेको गौरवशाली निकाय हो।

यस विभागबाट प्रवाह हुने सेवाको गुणस्तर, विश्वसनियता र प्रभावकारिताले विकास निर्माणको गुणस्तर, नागरिकको सम्पत्तिको हक, राज्यप्रतिको जनविश्वास, सार्वभौमिकता र राष्ट्रिय अखण्डतामा प्रभाव पार्दछ। त्यसैले हामी सबै कर्मचारीले आफ्नो जिम्मेवारीलाई उच्च महत्वका साथ आत्मसात् गर्दै जनताको सेवामा समर्पित हुनु आवश्यक छ। आफ्नो कार्यसम्पादनमा **सत्यनिष्ठा, इमानदारीता, निष्पक्षता, पारदर्शिता र उच्च नैतिक आचरण**लाई सदैव आत्मसात् गर्नु आवश्यक छ। कुनै पनि प्रलोभन, दबाव वा अनुचित प्रभावमा नपरी प्रचलित कानुन र विधिको शासनअनुरूप जिम्मेवारी निर्वाह गर्दै सेवाग्राहीप्रति सम्मानजनक व्यवहार र सेवा प्रवाहलाई सरल, सहज, छिटो र प्रभावकारी बनाउनु हामी सबै कर्मचारीहरूको दायित्व हो।

नेपाल सरकारका नीति, कार्यक्रम तथा प्राथमिकताहरूलाई आत्मसात् गर्दै विभागीय कामकारवाहीलाई नतिजामुखी, प्रविधिमैत्री, पारदर्शी र नागरिकमैत्री बनाउन यहाँहरू उत्प्रेरित हुनुहुन्छ भन्ने विश्वास गरेको छु। हामी समस्त कर्मचारी कार्यसम्पादनका क्रममा आउने क्षणिक असहजता, चुनौती वा आलोचनाबाट विचलित नभई धैर्य, साहस र जिम्मेवारीवोधका साथ अघि वढ्ने एवम् कर्तव्य पालनाको सिलसिलामा आईपर्ने समस्याहरूको विधिसम्मत समाधान खोज्ने र व्यक्तिगत स्वार्थभन्दा सार्वजनिक हितलाई प्राथमिकता दिने कार्यसंस्कृतिको विकास गर्नेछौं भन्ने आशा र विश्वास व्यक्त गर्दछु।

सत्यनिष्ठा, इमानदारीता, व्यावसायिकता र जनहित नै हाम्रो मूल पहिचान बनोस्।

धन्यवाद!

महानिर्देशक
नापी विभाग